श्री जनप्रिय माध्यामिक विद्यालय दादिङ

सिस्ने गा.पा.-४ रुकुम पूर्व

स्थाः २०३२

प.स.- २०८३।०८४ मितिः २०८३।०८।०४

च.नं.- ३४

विषय - शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री सम्बन्धित सबै

प्रस्तुत विषयमा यस विद्यालयमा प्राथमिक तहको १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुदा सिस्ने गाउँपालिकाको प.स. २०८३/०८४, चन. ५९१, मिति २०८३/०८/०४ गते को प्राप्त अनुमति पत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०८/०४ गतेको बैठकको निर्णयानुसार शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) को नियम ९९ को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सो रिक्त दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकाले सिस्ने गाउँपालिका भित्र प्राथमिक तह को दरबन्दीमा कार्यरत स्थायी शिक्षक सरुवाका लागि योग्य इच्छुक स्थायी शिक्षकहरु बाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका कागजात सहित निवेदन पेश गर्नका लागि सरुवाको सूचना प्रकाशित गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु-

१. सरुवाको लागि निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. अस्थायी, स्थायी नियुक्ति पत्रको प्रतिलिपि।
४. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
५. शैक्षिक योग्यता र तालिमका प्रमाणहरुका प्रमाणित प्रतिलिपिहरु।
६. असाधारण तथा बेतलवी विदा लिएको नलिएको सम्बन्धी कागजात।
७. कार्यरत विद्यालयको सहमति पत्र।
८. शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने आवश्यक कागजातहरु।
९. शिक्षा नियमावली, २०९९ (दशौँ संशोधन, २०८३) को अनुसूची १७ बमोजिमको फाराम।
१०. सम्बन्धित स्थानीय तहको सहमति पत्र।
११. आफ्नो सेवा अवधि खुल्ने कागजात।

थप जानकारीका लागिः ९८६७५३६३३६ (प्र.अ.) ९८४०१९४५५८ (वि.व्य.स. अध्यक्ष)

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय एकाइ रुकुमकोट रुकुम पूर्वी भाग। (जानकारी तथा सूचना वेबसाइटमा प्रकाशनका लागि)
श्री सिस्ने गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखा रुकुमकोट रुकुम पूर्वी भाग। (वेवसाइटमा प्रकाशनका लागि)
श्री सिस्ने गाउँपालिका बडा नं.४ को कार्यालया दादिङ रुकुम पूर्वी भाग (जानकारीका लागि)

मेघलाल घर्ती
प्रधानाध्यापक

मेघलाल घर्ती
प्रधानाध्यापक